# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय नेपाल

## प्रेस विज्ञप्ती

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ भाद्र २ गते, शुक्रबार ।

महालेखा परीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७३/७४ को अन्तिम लेखापरीक्षण कार्य पहिलो चरणमा काठमाण्डौ उपत्यका र हिमाली १० जिल्लामा मिति २०७४ श्रावण १५ गतेबाट भईरहेको छ ।

लेखापरीक्षणको गुणस्तर वृद्धि गर्न प्रत्येक चरणको काममा उच्च पदाधिकारीवाट अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने व्यबस्था लेखापरीक्षण मार्गदर्शनले गरेको छ । सोही व्यवस्था बमोजिम मिति २०७४/०४/३० बाट पूर्वाधार विकास महाशाखा प्रमुख उपमहालेखा परीक्षक मोहदत्त तिमिल्सिनाको नेतृत्वमा भौतिक निर्माण तर्फ, संवैधानिक निकाय, सुरक्षा तथा स्थानीय विकास महाशाखा प्रमुख उपमहालेखा परीक्षक श्री बाबुराम गौतमको नेतृत्वमा संवैधानिक निकाय, रक्षा, गृह, महिला, विज्ञान र वातावरण, संघिय मामिला तथा स्थानिय विकास तर्फ र उपमहालेखा परीक्षक श्री रामुप्रसाद डोटेलको नेतृत्वमा अर्थ मन्त्रालय तर्फका निकायहरुको लेखापरीक्षण कार्यको अनुगमन तथा सुपरीवेक्षण कार्य भइरहेको छ ।

संगठन विकास तथा व्यवस्थापन महाशाखा प्रमुख उपमहालेखा परीक्षक श्री ईश्वर नेपालको नेतृत्वमा नायब महालेखा परीक्षक श्री जीवनप्रसाद सुवेदी र निर्देशक श्री बैकुण्ठ बहादुर अधिकारीबाट नेपाल राष्ट्र बैंक, राष्ट्रिय बिमा संस्थान, राष्ट्रिय बिमा कंम्पनी, खाद्य संस्थान र नागरिक उडड्यान प्राधिकरणको लेखापरीक्षण कार्यको अनुगमन सम्पन्न भएको र कमश संगठित संस्थाहरुको सुपरीवेक्षण गर्ने कार्यकम रहेको छ ।

उपत्यका भित्रको समग्र लेखापरीक्षण कार्यको नियमित अनुगमन तथा सुपरीवेक्षण नायब महालेखा परीक्षक श्री पदमराज पौडेल र निर्देशक नेत्रप्रसाद पौडेलबाट स्थलगत रुपमा भईरहेको छ । साथै हिमाली १० जिल्लामा भाद्र दोस्रो हप्ता देखि कार्यालयका उच्च पदाधिकारीवाट अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्यक्रम रहेको छ ।

अशोक कुमार कार्की
निर्देशक/सहायक-प्रवक्ता